नेपाल सरकार
गृह मन्त्रालय

## मिति २०७४।०५।२५ गते विभिन्न विषयगत क्षेत्रको नेतृत्वदायी तथा सह नेतृत्वदायी निकायवीचको बैठकका निर्णयहरु

२०७४ श्रावण महिनाको अन्तिम सातामा आएको बाढी, पहिरो तथा डुवानबाट प्रभावित जिल्लाहरुमा विभिन्न विषयगत नेतृत्वदायी तथा सह नेतृत्व दायी निकायहरुले खेलेको भूमिकाका सन्दर्भमा बैठक धन्यवाद ज्ञापन गर्दछ ।

१. विभिन्न विषयगत क्षेत्रहरुले २०७४ श्रावण २७,२८ र २९ गते आएको बाढी, पहिरो तथा डुवानबाट प्रभावित स्थानहरुमा भएको क्षतिको निकायगत विवरण संकलन गरी गृह मन्त्रालय, राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्रमा पठाउने ।

२. विभिन्न क्षेत्रहरुमा भएको क्षतिबाट प्रभावित भएका जनताहरुको शीघ्र पुनलार्भका लागि प्रभावित जिल्लाहरुमा संयुक्त राष्ट्र संघ अन्तर्गतका एजेन्सीहरुले संचालन गर्ने कार्यक्रमहरुको विस्तृत विवरण तयार गरी सम्बन्धित विषयगत क्षेत्रको नेतृत्व लिने मन्त्रालय मार्फत गृह मन्त्रालय, राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्रमा पठाउने ।